राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

प्रतिदिन १७ औं वार्षिकोत्सव




वर्ष-१७ ।। अङ्क : १४४ ॥ २०८२ असार २० गते शुक्रबार (4th July 2025 Friday) | Pratidin National Daily | मूल्य-रु.५/-

### एसईईमा बिर्तामोडका ७८.१५ प्रतिशत विद्यार्थी उत्तीर्ण

# दुईवटा विद्यालय निल, पाँचवटा शतप्रतिशत

झापा(प्रस) ।झापा बिर्तामोडका विद्यालयहरुले यस वर्षको एसईईमा ७८.१५ प्रतिशत विद्यार्थी उत्तीर्ण गराइरहँदा दुईवटा विद्यालय भने निल भएका छन् । एउटा सामुदायिक र अर्को संस्थागत गरी दुईवटा विद्यालय एसईई परीक्षामा निल भएका हुन् । बिर्तामोड २ चैतुवारीको पंचरत्न मावि र बिर्तामोड ४ को सगरमाथा आवासीय बोर्डिङ स्कुलले कुनै पनि विद्यार्थीलाई उत्तीर्ण



गराउन सकेनन् । पंचरत्नका तर्फबाट १० र सगरमाथाका तर्फबाट ३ जना विद्यार्थी परीक्षामा सहभागी भएका थिए । त्यस्तै बिर्तामोडका ९ जना विद्यार्थीहरुले चार जीपीए ल्याएका छन् । मोहनमाया माविका तर्फबाट ४ जना , बाल्मीकि र अनारमनी लिवर्टी स्कुलका तर्फबाट दुई-दुई जना र महेन्द्र रत्न माविका तर्फबाट एकजनाले चार जीपीए ल्याएका हुन् । नगरका पाँचवटा विद्यालयले यस वर्ष शतप्रतिशत नतिजा ल्याएका छन् । कमोनर्स होम फर स्कुल , काबेली रेसिडेन्टल इङ्गिलस मावि , लालीगुराँस इङ्गिलस स्कूल, लिटल फ्लावर्स अंग्रेजी स्कूल र नवोदय फनमिन शिक्षा सदनले शत प्रतिशत नतिजा ल्याएका हुन् । नगरको विद्यालयहरुको एसईई नतिजा यस प्रकार रहेको छ । अनारमनी लिबर्टी स्कूलका २८ मध्ये २२ जना अर्थात ७८.५७ प्रतिशत ,एसेन्ट एकेडेमीका १४ मध्ये १२ अर्थात ८५.७१ प्रतिशत , एसेन्ट बोर्डिङ स्कूलका २१ मध्ये १६ अर्थात ७६.१९ प्रतिशत , एमिटी माध्यमिक विद्यालयका मध्ये ५६ जना अर्थात ९१.८० प्रतिशत ,बाल कल्याण आवासीय मा.वि.का १२ मध्ये १० जना अर्थात ८३.३३ प्रतिशत , बाल्मीकि एजुकेशन फाउन्डेशनका १७१ मध्ये १६६ जना अर्थात ९७.०८ प्रतिशत उत्तीर्ण भएका छन् । त्यस्तै बेल्स मोडेल स्कूलका ४६ मध्ये ३८ जना अर्थात ८२.६१ प्रतिशत , वीर अमरसिंह माध्यमिक विद्यालयका ५० मध्ये २२ जना अर्थात ४४ प्रतिशत ,विराट ज्योति इङ्गिलस बोर्डिङ माविका ५५ मध्ये ३३ जना अर्थात ६० प्रतिशत ,बुद्ध स्मृति एजुकेशन फाउन्डेशनका २२ मध्ये १८ जना अर्थात ८१.८२ प्रतिशत , चिल्ड्रेन इन्भाइरोमेन्टका २८ मध्ये २५ अर्थात ८९.२९ प्रतिशत ,कमोनर्स होम फर स्कुलका १५ मध्ये शतप्रतिशत ,देवी माध्यमिक विद्यालयका १६१ मध्ये ६१ अर्थात ३७.८९ प्रतिशत , देवी माध्यमिक विद्यालय ( खुला)तर्फ १९ मध्ये १ जना अर्थात ५.२६ प्रतिशत देवकुल माध्यमिक विद्यालयका २५ मध्ये २३ जना अर्थात ९२ प्रतिशत , दुर्गा मा विका १०९ मध्ये ५२ जना अर्थात ४७.७१ प्रतिशत , इडेन गार्डेन एजुकेशन फाउन्डेसनका ४५ मध्ये ४१ ज्ना अर्थात ९१.११ प्रतिशत , एभरेस्ट स्मार्ट एजुकेशन एकेडेमीका २० मध्ये १८ जना अर्थात ९० प्रतिशत ,९ ग्लोरी इङ्गिलस बोर्डिङ स्कूलका

❖ बाँकी तेस्रो पृष्ठमा

# राजवंशीलाई ठगी गरेको आरोपमा भेट्वाल पक्राउ

झापा(प्रस)। बिर्तामोड-२ चारपाने निवासी तिलकचन राजवंशी ठगिएको घटनामा संलग्न बिर्तामोड २ बस्ने ६३ वर्षीय मनोरथ भेटुवाललाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला अदालत झापाको पक्राउ आदेश अनुसार ठगी सम्बन्धी कसुर मुद्धामा अनुसन्धानको सिलसिलामा भेटुवाललाई इलाका प्रहरी कार्यालय सुरुङ्गाबाट खटिएको टोलीले बिहीवार दिउँसो कनकाई . वडा नं. ४ कोटीहोमबाट नियन्त्रणमा लिएको हो । उनलाई थप अनुसन्धान तथा कानुनी प्रकृयाको लागि इलाका प्रहरी कार्यालय बिर्तामोड पठाइएको छ । भेटवाललाई पक्राउ गर्न विप्लव नेकपाका नेता कार्यकर्ताले सहयोग गरेका थिए । एनआइसी एसिया बैंक सुरुङ्गा शाखाका ब्रान्च म्यानेजर लेखनाथ अधिकारी भने सम्पर्कमा आएका छैनन् । उनी कार्यालयमै निरन्तर रहेपनि प्रहरीले बेवास्ता गरेपछि पीडित राजवंशीले विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी झापामा निवेदन दिएका थिए। बैंक म्यानेजर अधिकारीसहित ६ जना विरुद्ध जिल्ला अदालत झापाले २०८१ माघ २९ गते पक्राउ पुर्जी जारी गरेको थियो । हार्डवेयर पसल खोल्ने क्रममा साझेदारहरुका



कारण राजवंशीको बेहाल भएको हो । ५० लाख रुपैयाँ शेयर हाल्ने भनेर व्यवसायमा हात हालेका उनी अहिले अढाइ करोडभन्दा बढीको ऋणमा डुबेका छन् ।

बिर्तामोड-२ चारपानेका युनिस भेटवाल र बिर्तामोडका लब मैनालीले संयुक्त रुपमा तीन वर्षअघि चारपानेमा ओम शिवम् ट्रेडर्स नामक हार्डवेयर होलसेल पसल सञ्चालनमा ल्याएका थिए । मैनालीले व्यवसाय छोडेपछि तिलकचन र बिर्तामोडका धर्मप्रसाद संग्रौला जोडिए । त्यसपछि उनीहरुले साविक ओम शिवम् ट्रेडर्सको नाम परिवर्तन गरी ओम शिवम् ट्रेडर्स प्रालि राखे । तीन सदस्यीय नयाँ कम्पनीमा संग्रौलाले ५० लाख र आफूले ५० लाख रुपैयाँ शेयर हाल्ने सहमति भएको राजवंशीको भनाई छ । पुरानो कम्पनीको दायित्व नयाँ कम्पनीले तिरोभरो गर्ने कम्पनीको प्रबन्धपत्रमा उल्लेख थियो । तर, राजवंशीले भने सो विषयमा आफूलाई जानकारी नभएको बताएका छन् । राजवंशीको नाममा बिर्तामोड-२ मा रहेको एक कठ्ठा १२ धुर र कम्पनीको नाममा रहेको तीन कठ्ठा जग्गा राखेर एनआइसी एसियाको सुरुङ्गा शाखाबाट पाँच करोड ५० लाख रुपैयाँ ऋण निकालिएको छ ।

'मैले ५० लाख शेयर हाल्ने गरी कम्पनीका अध्यक्ष युनिस भेटवालले धनीपुर्जा लग्नुभएको थियो' , उनले भने, 'पछि मालपोतमा जग्गा रोक्का गर्न जाँदा २ करोड २४ लाख ऋण निकाल्न लागिएको बुझेपछि मैले हुँदैन भनैं तर यो भ्यालुएसन मात्र हो तपाईंको ऋण ५० लाख मात्र हो भनियो ।' कम्पनीका अध्यक्ष युनिसका बुबा मनोरथ भेटवाल र बैंकका कर्मचारीको मिलेमतोमा अधिक मूल्यांकन गरेर ऋण निकालिएको राजवंशीको आरोप छ ।

# वाणिज्य संघको राहत कोषमा २० लाख ४५ हजार

झापा(प्रस) । बिर्तामोड उद्योग वाणिज्य संघले व्यवसायी सदस्य राहत कोषको कार्यविधि सार्वजनिक गरेको छ ।

एक वर्ष अगाडि कार्यविधि बनाएर संघले एक करोड रुपैयाँ बरावरको अक्षयकोष स्थापना गर्ने लक्ष्यका साथ व्यवसायी सदस्य राहत कोष स्थापना गरेको थियो ।

बिहीवार संघले पत्रकार सम्मेलनको आयोजना गर्दै कोष स्थापनाको उद्देश्य सहितको राहत कोषका लागि तयार पारिएको कार्यविधि सार्वजनिक गरेको हो । संघका अध्यक्ष राजु न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा कोषका संयोजक तथा संघका वरिष्ठ उपाध्यक्ष




राजकुमार घिमिरे 'राजु'ले कोषमा हालसम्म जम्मा भएको रकम सार्वजनिक गरेका थिए । उनका अनुसार व्यवसायिक सदस्य राहत कोषमा २० लाख ४५ हजार १ सय ९१ रूपैयाँ जम्मा भएको छ । संघका विशिष्ठ सदस्य निर्मल भट्टराईले स्वागत गरेको कार्यक्रममा कार्यविधि कोषाध्यक्ष युवराज निरौलाले बाचन गरेका थिए ।

व्यवसायिक सदस्य राहत कोषमा हालसम्म ५६ जनाले सहयोग गरेको बताइएको छ । व्यवसायीहरूले आफ्नो जन्मदिन, वैवाहिक बर्षगाठ, पितृको स्मृति लगायतमा राहत कोषमा रकम प्रदान गर्दै आएको अध्यक्ष न्यौपानेको भनाई छ ।

हालसम्म व्यवसायीहरूले उत्साहपूर्वक राहत कोषमा रकम सहयोग गर्दै आएको अध्यक्ष न्यौपानेको भनाई छ । राहत कोषको ब्याजबाट प्राकृतिक प्रकोप, व्यवसायीलाई प्राणघातक रोग लागेको खण्डमा सहयोग गरिने बताइएको छ ।

कार्यक्रमको सञ्चालन बिर्तामोड उद्योग बाणिज्य संघका महासचिव कुशल खतिवडाले गरेका थिए । कार्यक्रममा कोषमा सहयोग पुऱ्याउने दातासहित बिर्तामोडका व्यवसायीहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

# 'विदेश जाँदा सीप सिकेर मात्रै जाऊ'

• **लक्ष्मी उप्रेती**

मेचीनगर । झापा मेचीनगर –१४ दुहागढीका ३९ वर्षीय रामबहादुर बस्नेतले चार वर्ष मलेसिया र आठ वर्ष साउदीगरी १२ वर्ष विदेशमा विताए ।

मलेसियामा कफी पसल र साउदीमा बेकरीमा काम गरेर उनी नेपाल फर्किए । सोहि ठाउँका ३० वर्षीय नवीन मुर्मु पनि बैदेशिक रोजगारका लागि दुई वर्ष दुबई बसे । एसी जडान हेल्परका रुपमा उनले जसोतसो दुई वर्ष बिताएर भरखर स्वदेश



फर्किएका छन् ।

मेचीनगर –१५ का ४१ वर्षीय सुरेशकुमार चौधरी ३३ महिना कतार बसेर नेपाल फर्के ।

उनीहरु तीनैजना स्वदेश फर्किनुको एउटै कारण थियो विदेश जाँदा सीप नसिक्नु । 'विदेश जाँदा सीप सिकेर मात्रै जाउँ ।' उनीहरुको सामूहिक भनाई हो यो । यसो भएमा वैदेशिक रोजगारीमा जाने युवाहरुलाई काम गर्न सजिलो हुन्छ ।

नेपालबाटै सीप सिकेर जाँदा विदेशमा काम गर्न सजिलो हुन्छ । काम नजानेर हुने दुःख भोग्नु पर्दैन भन्ने थाहा हुँदाहुँदै पनि अहिले थुप्रै नेपाली युवाहरु विना सीप विदेशिने गरेका कारण उनीहरुले अपेक्षा अनुसार आम्दानी गर्न सकिरहेका छैनन् भने विदेशमा अनावश्यक दुःख र झन्झट समेत वेहोर्न बाँध्य छन् ।

त्यही भएर मेचीनगर नगरपालिकाले वैदेशिक रोजगारीमा जान चाहनेलाई सुसूचित बनाएर र सीप सिकाएर जानका निम्ति हरेक क्षेत्रबाट पहलकदमी गरिरहेको छ । यसैगरी, बैदेशिक रोजगारबाट फर्किएर आएका व्यक्तिहरुलाई रेमी परियोजनामार्फत सामाजिक र आर्थिक पुनः एकीकरणमा समाहित गरिरहेको छ ।


यसैक्रममा बिहिबार 'उद्यमशिल संस्कृति, राष्ट्रको समृद्धि' भन्ने मुल नाराका साथ बैदेशिक रोजगारवाट फर्किएका व्यक्तिहरूका लागि मेचीनगर नगरपालिकाको रेमी परियोजनाको समन्वयमा घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर, झापाको आयोजनामा एक महिने हाउस वायरिङ तालिम समापन भएको छ ।

तालिम वैदेशिक रोजगारीबाट फर्किएकाहरुलाई लक्षित गरेर आयोजना गरिएको मेचीनगर उपप्रमुख मीना पोखेल उप्रेतीले बताइन् ।

कति जना बाध्यताले विदेशिने गरेका छन् । परिवारको अवस्था निकै कमजोर, घर खर्च चलाउन धौ धौ हुने, बस्नको लागि घर नभएकै कारण थुप्रै नेपाली विदेशिन बाध्य भएको उपप्रमुख उप्रेतीले बताइन् । तालिम वैदेशिक रोजगारीबाट फर्किएका र केही सीप सिकेर वैदेशिक रोजगारीमा जाने दुवैको लागि उपलब्धिमुलक हुने गरेका छन् । युवालाई सीप सिकेरै विदेश जान प्रोत्साहन गरिरहेको मेचीनगर नगरपालिकाले जनाएको छ ।

कतिपय युवा भने विदेशबाट फर्केर पुनः सीप सिकेर पनि उद्यममा जोडिएका छन् । लामो समयसम्म विदेशमा बिताएपश्चात् स्वदेश फर्किएकाहरु अहिले धमाधम कुनै न कुनै सीप

❖ बाँकी तेस्रो पृष्ठमा

# कोरोना संक्रमणबाट अर्की महिलाको मृत्यु


झापा(प्रस) ।कोरोना संक्रमणबाट कोशीमा अर्की महिलाको पनि मृत्यु भएको छ ।

बिराटनगर ९ बस्ने ७५ वर्षीया कान्तादेवी पोद्धारको कोरोना संक्रमणबाट मृत्यु भएको हो । बुधवार साँझ ५ बजे कान्तादेवीलाई श्वासप्रस्वासमा समस्या भएपछि उपचारको लागि न्युरो अस्पताल बिराटनगरमा ल्याई चेकजाँच गर्दा उनलाई कोरोना पोजेटिभ देखिएको थियो ।

अबस्था गम्भीर बनेपछि थप उपचारको लागि बिराट टिचिङ अस्पतालमा लगी उपचार भइरहेकोमा बिहीवार बिहान ३:३० बजे उपचारको क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ । यसअघि गत असार १० गते कोरोना संक्रमणबाट इलामकी एक महिलाको मृत्यु भएको थियो । नयाँ भेरियन्ट फैलिएयता कोरोना संक्रमणबाट देशभरि दुईजनाको मृत्यु भएको हो । झापामा कोरोना संक्रमणबाट १२ जना संक्रमित भएका छन् ।

# डेंगी सङ्क्रमितको संख्या १६ सय नाघ्यो

झापा(प्रस) । डेंगी सङ्क्रमितको संख्या १६ सय ७३ पुगेको छ । सातै प्रदेशमामा डेंगी सङ्क्रमितको




संख्या क्रमशःबढ्दै गएको छ । स्वास्थ्य सेवा विभाग अन्तर्गत इपिडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार गएको एक सातामा ७१ वटा नयाँ डेंगीका केस पुष्टि भएको छ ।

गएको सात दिनमा सबैभन्दा धेरै २० जना गण्डकी प्रदेशमा र कम १ जना कर्णालीमा सङ्क्रमण पुष्टि भएको छ । यस्तै, १५ कोशी, १५ बागमती, १२ लुम्बिनी, ५ मधेस, ३ सुदूरपञ्चिममा रहेको छ ।

गएको पुस महिनायता सात प्रदेशमध्ये बागमती प्रदेशमा बढी सङ्क्रमित छन् भने कम मधेस प्रदेशमा सङ्क्रमित भएको पाइएको छ । सङ्क्रमितको संख्या क्रमशः ४ सय ४ बागमती, ३ सय ५८ गण्डकी, ३ सय ३४ कोशी, २ सय ७८ लुम्बिनी, २ सय ३२ सुदुरपञ्चिम, ३६ कर्णाली र ३१ मधेस प्रदेशमा डेंगी सङ्क्रमण पुष्टि भएको पाइएको छ ।


झापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टाघनडुब्बा, झापा, कोशी प्रदेश, नेपाल

**संधियारको नाममा जारी भएको १५ दिने सूचना**

**संधियार उत्तर: श्री बिर ब. कोइराला (कि.नं. ३९) को नाम मा जारी गरिएको।**
**संधियार दक्षिण: श्री पुष्कर बहादुर कटुवाल (कि.नं. १४१) को नाम मा जारी गरिएको।**
**संधियार दक्षिण: श्री अगनलाल राजवंशी (कि.नं. १३०) को नाम मा जारी गरिएको।**
**संधियार दक्षिण: श्री राधिका कटुवाल (कि.नं. १२९ र ४१) को नाम मा जारी गरिएको।**

साविक कुमारखोद गा.वि.स. वडा नं. ०६ हाल झापा गाउँपालिका, वडा नं. ०२ स्थित श्री नेपाल जैसुइत संस्था जावलाखेलले निजको नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण गरि घर नक्सा अभिलेखीकरण गरी पाउँ भनि निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईँ संधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ | उक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला | म्याद भित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भईजाने व्यहोरा समेत सुचित गरिन्छ |

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | छेत्रफल (व.मि.) | नक्सा दर्ता मिति | सूचना प्रकाशित मिति |
|---|---|---|---|---|---|
| झापा गा.पा.-०२ (साविक कुमारखोद-०६) | १७९०६६८ | १४०, १२७ र ४० | ४१८८.०८, १५७६४.३८ र ६५९५.०० | २०८२/०२/१३ | २०८२/०२/१९ |


# रेड स्टार फुटबल क्लबको अध्यक्षमा राउत

रेड स्टार फुटबल क्लबको अध्यक्षमा राउत

बिर्तामोड(प्रस) । झापा बिर्तामोडको सफल क्लब रेड स्टार फुटबल क्लबको अध्यक्षमा देवेन्द्र राउत निर्वाचित भएका छन् । बिहीवार बिर्तामोडमा भएको दोस्रो अधिवेशनले राउतलाई अध्यक्षमा सर्वसम्मत चयन गरेको हो ।

क्लबको वरिष्ठ उपाध्यक्षमा लबकुमार चौधरी, उपाध्यक्षमा प्रवीण गौतम, सचिवमा प्रेमकृष्ण श्रेष्ठ, सहसचिवमा सडकलाल राजवंशी र कोषाध्यक्षमा ममता भट्टराई सर्वसम्मत निर्वाचित भएका छन् । त्यस्तै, सदस्यहरुमा भुवन तामाङ, मनिष शंकर, निकेश लिम्बू, रमेश गुरुङ, वासु उप्रेती, किरण थापा, झलकसिंह राजवंशी र नारायण गौतम सर्वसम्मत निर्वाचित भएका छन् ।




समितिमा श्रेष्ठले तेस्रो कार्यकाल सचिवमा दोहोऱ्याएका छन् भने सदस्यमा निर्वाचित शंकर टिम व्यवस्थापकका रुपमा रहेको निर्वाचन समितिका संयोजक हिमाल बस्नेतले जानकारी दिए ।

यसअघि क्लबका अध्यक्ष राजकुमार विश्वकर्माको अध्यक्षतामा भएको खुलासत्रमा प्रमुख अतिथि झापा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष प्रशान्त भण्डारी, अतिथिहरु झापा जिल्ला फुटबल संघका अध्यक्ष भगिरथ आले मामा, कांग्रेसका नगर सभापति भोजराज सिटौला, नेकपा एमालेका अध्यक्ष सुवास भट्टराई, बिर्तामोड-५ का वडा अध्यक्ष रोहित प्रसाईंलगायतले शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा बिर्तामोड साना शहरी खानेपानी संस्थाका अध्यक्ष मेघराज बास्तोला , बिर्तामोड उद्योग बाणिज्य संघका पूर्व अध्यक्ष प्रकाश शिवाकोटी , रेडक्रस सोसाइटीका सजेश शिवाकोटी, क्लबका सल्लाहकार प्रवेश कटुवाललगायतको उपस्थिति रहेको थियो । अधिवेशनकै सन्दर्भका अध्यक्ष विश्वकर्मालाई सम्मान गरिएको थियो । क्लबमा पुऱ्याएको योगदानको मूल्यांकन गर्दै विश्वकर्मालाई सम्मान गरिएको हो ।

क्लबका सहसचिव लबकुमार चौधरीले कार्यक्रम सञ्चालन गरेका थिए ।क्लबले कोशी प्रदेशका विभिन्न आधा दर्जनभन्दा बढी फुटबल प्रतियोगितामा उपाधि जितेको छ भने दर्जनभन्दा बढी प्रतियोगितामा उपविजेता बनेको छ ।


बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड-४, झापा, फोन नं. ०२३-५३३०५६

**कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चलअचल सम्पत्ति लिलाम बिक्री गर्न**
**शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**
**प्रथमपटक प्रकाशित मितिः २०८२/०३/२०**

यस संस्थाबाट कर्जा लिँदा गरेको शर्त अनुसार म्यादभित्र कर्जाको साँवा ब्याज समेत नबुझाएको र कर्जाको साँवा ब्याज समेत रकम बुझाउन पटक-पटक मौखिक, लिखित, सूचना र मिति २०८१/११/११ गते प्रतिदिन राष्ट्रिय दैनिकमा कर्जा चुक्ता गर्न आउने ३५ दिने सूचना र २०८१/१२/२७ गते १५ दिने सूचना र २०८२/०१/१८ गते सात दिने सूचना प्रकाशित गर्दा समेत यस संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा र ब्याज रकम बुझाउन नआउनुभएको तथा तिरो बुझाएको प्रमाण पेश नगरेको हुँदा ऋणी सदस्यले कर्जा लिँदा उपलब्ध गराएको धितोको सम्पत्ति गोप्य शिलवन्दी बोलपत्रद्वारा लिलाम डाक बढाबढ बिक्री मिति २०८२/०४/२२ गते बिहीवार लिलाम डाक बढाबढबाट बिक्री गरी सहकारी ऐन २०७४ को दफा ७९ बमोजिम संस्थाले साँवा ब्याज असुल उपर गर्ने भएकोले धितोमा रहेको अचल सम्पत्ति सकार गरी लिन इच्छुक महानुभावहरुले तपशिलको शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| | | |
|---|---|---|
| ऋणीको नामः रुक्सुम अधिकारी<br>बाबुको नामः लोमराज निरौला<br>बाजेको नामः मनोरथ निरौला<br>ना.प्र.नं.: ०४१०११/१७८५<br>जारी मितिः २०६८/०३/०९<br>ठेगाना स्थाईः अर्जुनधारा ०६,झापा<br>ठेगाना हालः अर्जुनधारा ०५,<br>झापा स्थायी ठेगाना :- बिर्तामोड न पा-५<br>(हालको ठेगाना अर्जुनधारा न.पा-५) | **धितो जमानत धनजमानीको विवरण**<br>नामः छविरमण अधिकारी<br>बाबुको नामः खोमनाथ अधिकारी<br>बाजेको नामः धर्मानन्द अधिकारी<br>ना.प्र.नं. : ७१३९<br>जारी मितिः २०५२/१०/१७<br>ठेगाना स्थाई : सुवाङ ८, पाँचथर<br>ठेगाना हालः अर्जुनधारा ५, झापा | **धितोको विवरणः**<br>जग्गाधनीको नामः रुक्सुम अधिकारी<br>बाबुको नामः लोमराज निरौला<br>बाजेको नामः मनोरथ निरौला<br>पतिको नामः छविरमण अधिकारी<br>ठेगानाः गरामनी ९, झापा<br>सिट नं. १७९०१९८, १७९०१९८<br>कि.नं. ७९ र ३१०<br>क्षेत्रफलः ८३५ र ६९७ वर्गमिटर |

**लिलामका शर्तहरु :**

१. शिलबन्दी बोलपत्र फारम रु. २०० (फिर्ता नहुने गरी) संस्थाबाट प्राप्त गर्न सकिने छ।

२. जग्गाको न्यूनतम मूल्य रु. ५६,२७०००/- ( छप्पन लाख, सत्ताईस हजार) कायम गरिएको छ।

३.लिलाममा सबैभन्दा बड़ी बोलकबोल गरी सकार गरेर लिन चाहने व्यक्तिले आफूले बोलकबोल गरेको कुल रकमको १० प्रतिशतका दरले हुने रकम नगदै वा संस्थाको नाममा जारी गरिएको (क) बर्गको गुट फर पेमेन्ट चेक वा बैंक ड्राफ्टको सकल, नयाँ मिलन मार्जिन खाताको भौचरसहित बोलपत्र साथ यस संस्थामा बुझाउनुपर्नेछ

४. लिलाम बिक्रीको शिलबन्दी बोलपत्र स्वीकृत व्यक्तिको लिलाम स्वीकृत भएको मितिले ७ दिनभित्रमा कबोल गरेको सम्पूर्ण बाँकी रकम नबुझाएमा अग्रिम भुक्तानीको रकम (अनेष्ट मनी) जफत गरिनेछ।

५. लिलाम बिक्रीको शिलबन्दी बोलपत्र मिति २०८२/ ०४/२२ गते दिनको १ बजेसम्म बुझाइ सक्नुपर्नेछ।

६. लिलाम बिक्रीको शिलबन्दी बोलपत्र मिति २०८२/ ०४/२२ गते दिनको ४:३० बजेबाट खोलिने छ। कुनै कारणले शिलबन्दी बोलपत्र खोल्ने दिन बिदा परेमा त्यसको भोलिपल्ट खोलिने छ। शिलबन्दी बोलपत्र खोली लिलाम बिक्री गर्ने कार्य गर्दागर्दै काम सम्पन्न नभएमा त्यसको भोलिपल्ट (बिदा परेमा बाहेक) कारवाही अगाडि बढाइने छ।

७. लिलाम बिक्रीका लागि गोप्य शिलबन्दीको दरखास्तमा लिलाम गर्न उचित नदेखिएमा धितो संस्थाले सकार गर्ने वा पुनः लिलाम गर्न सक्नेछ।

८. लिलाम गर्ने दिनसम्मको लेना रकम र लिलामी गर्दा लागेको सबै खर्च समेत लिलाम गर्दा प्राप्त रकमबाट असुल उपर गरिनेछ।

९. लिलाम बिक्रीमा प्रचलित कानूनको अधिनमा रही नेपाली नागरिक एवम् अचल सम्पत्ति खरिद गर्न पाउने संस्था वा कम्पनीले मात्र भाग लिन पाउने छन्।

१०. धितो सुरक्षण रहेको अचल सम्पत्ति लिलाम बिक्री सकार गरिदिन इच्छुकले उक्त अचल सम्पत्ति दाखिला खारेज गर्दा लाग्ने सम्पूर्ण शुल्क आफैले ब्यहोर्नु पर्नेछ।

११. लिलाम बढाबढ गर्दा अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।

**डाक बढाबढ गरिने मिति र स्थानः**
मितिः २०८२/ ०४/२२ गते बिहीवार,
समयः दिनको ४:३० बजे
स्थानः संस्थाको कार्यालय, बिर्तामोड-४, झापा

नयाँ मिलन बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड-४, झापा, फोन नं. ०२३-५३३०५६


# काम गर्दा गर्दै दुई श्रमिक घाइते

झापा(प्रस) ।झापा र इलाममा काम गर्दा गर्दै दुईजना श्रमिक घाइते भएका छन् ।

बिहीवार बिहान ११;४० बजे भद्रपुर वडा न.५ स्थित भन्सार कार्यालयको तीन तले भवनको दोस्रो तलाबाट टायलको काम गर्दा गर्दै एक श्रमिक झरेका छन् ।

भद्रपुर वडा नं .७ बोक्ताबारी बस्ने ३६ वर्षीय अमृत राजवंशी अचानक झरेर घाइते भई उपचारको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको छ । उनको हात,टाउको,दाहिने घुँडा र शरीरको भित्री भागमा चोट लागेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

उता बिहीवार बिहान ९.३० बजे इलाम देउमाई -३ मन्त्र कटेजस्थित भित्री सडकखण्डमा मन्त्र कटेजदेखि चुरेघाँटीसम्मको सडक निर्माण गर्ने क्रममा सडकमा काम गर्ने कामदार माई -९ बस्ने ३३ वर्षीय सन्तोष जबेगु घाइते भएका छन् । जेनेरेटरबाट चल्ने मिक्चरमा मसला घोल्ने क्रममा मिक्चरले दाहिने हात च्यापिएर उनी घाइते भएका हुन् । उनलाई देउमाई -४ मंगलबारेस्थित बिशाल मेडिकलमा सामान्य उपचारपश्चात् बीएण्डसी अस्पताल बिर्तामोड रेफर गरिएको छ । घाइतेको दाहिने हातको कुहिनोभन्दा मुनिको भाग च्यापिएको बताइएको छ ।

## हात्तीको आक्रमणबाट बिर्तामोड ७ का लिम्बूको मृत्यु



झापा(प्रस)।जंगली हात्तीको आक्रमणबाट बिर्तामोडमा एकजनाको मृत्यु भएको छ।

बिहीवार बिहानको राति ३ बजेतिर जंगली हात्तीको आक्रमणबाट बिर्तामोड ७ निवासी ५९ वर्षीय लोकप्रसाद लिम्बूको मृत्यु भएको हो। आफ्नै घरमा रहेका लिम्बू शौचालय जाने क्रममा हात्तीसँग जम्काभेट भई आक्रमण गरेको स्थानीयवासीहरुले बताएका छन् ।अचानक एउटा जंगली हात्तीले किचेर लिम्बूको घटनास्थलमा नै मृत्यु भएको र सो हात्ती दक्षिण दिशातर्फ भागेको प्रहरीले जनाएको छ । यसअघि गत असार ६ गते जंगली हात्तीको आक्रमणबाट मेचीनगरका पूर्णबहादुर श्रेष्ठको मृत्यु भएको थियो ।योसंगै यस आर्थिक वर्षमा हात्तीको आक्रमणमा परी झापामा ६ जनाको ज्यान गइसकेको छ ।


**डेंगी रोगबाट आफू बचौं अरूलाई पनि बचाऔं**



बिर्तामोड नगरपालिकाले डेङ्गी रोगको रोकथाम र नियन्त्रणको लागि लामखुट्टेको लार्भा 'खोज र नष्ट गर' अभियान सुरू गरेको हुँदा सबै जना अनिबार्य सहभागी बनौं ।

**डेंगी के हो ?**

डेंगी लामखुट्टेबाट सर्ने भाइरल संक्रमण वा रोग हो । डेंगीका कारण उच्च ज्वरो आउने,बेस्सरी टाउको दुख्ने, आँखाको गेडी दुख्ने, हाडजोर्नी र मांसपेशीहरू र ढाड दुख्ने, शरीरमा विविरा आउने, रिँगटा लाग्ने, वाकवाकी, वान्ता हुने, यसका साथै पेट दुख्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि हुने गर्दछ ।

**डेंगीबाट बच्न के गर्न सकिन्छ ?**

- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पूरा बाहुला भएको पूरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरू अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने,
- आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक स्थानहरूमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने,
- भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरी विसर्जन गर्ने ।

डेंगीविरूद्ध खोप र खास उपचार समेत नभएकाले लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो । डेंगीको शंका लाग्नासाथ नजिकैको स्वास्थ्य संस्थामा अनिवार्य जानुहोस् ।

जनहितका लागि
बिर्तामोड नगरपालिका
झापा, कोशी प्रदेश



**निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना**

कोशी प्रदेश ,इलाम जिल्ला,देउमाई नगरपालिका वार्ड नं.-४ मा बस्ने श्री मानबिर राईका नाति,श्री मन बहादुर राईका छोरा,श्री रहरमान राईको मिति वि.सं.२०८२/०२/३०गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय मंगलबारेमा रहेको वचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतककी श्रीमती पार्वती राईले मिति वि.सं.२०८२/०३/१६मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि. Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner) नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको ) Birtamode, Jhapa 023-533564 | 534010 info@edb.com.np www.edb.com.np



**निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना**

कोशी प्रदेश ,झापा जिल्ला,बुद्धशान्ति गाउँपालिका वार्ड नं.-१ मा बस्ने श्री लेखनाथ पोखेलका छोरा,श्री सितादेवी पोखेलका पति,श्री गुणनाथ पोखेलको मिति वि.सं.२०७८/०४/२०
गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय इलाममा रहेको वचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका छोरा वेदप्रसाद पोखेलले मिति वि.सं.२०८२/०३/१६मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि. Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner) नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको ) Birtamode, Jhapa 023-533564 | 534010 info@edb.com.np www.edb.com.np


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# हिमताल जोगाऊ

**अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र युएनडिपीद्वारा प्रकाशित प्रतिवेदन 'इन्भेन्टरी अफ ग्लयेसियर लेक्स इन द कोसी, गण्डकी एन्ड कर्णाली रिभर बेसिन्स अफ नेपाल एन्ड तिब्बत' ले नेपाल, भारत र चीनमा अवस्थित ४७ हिमताल फुट्न सक्ने जोखिम रहेको उल्लेख गरेका छन्। यी हिमतालमध्ये २५ वटा चीनमा, २१ नेपालमा र एउटा भारतमा पर्छन्। प्रतिवेदनले भविष्यमा हुने विस्फोटनको खतरालाई न्यूनीकरण गर्न आवश्यक पूर्व तयारी र क्षति भएको अवस्थामा अनुकूलित हुने कार्यक्रम तय गर्न पनि सुझाव दिएको थियो।**

**यो चुनौतीको सन्दर्भमा मंगलबार एक सुसमाचार सार्वजनिक भएको छ। त्यो हो, नेपालका चार हिमताललाई विस्फोटन हुनबाट बचाउन र विस्फोटन भइहाले संभावित क्षतिबाट समुदायलाई जोगाउन हरित जलवायु कोष (जिसिएफ)ले नेपाललाई पाँच अर्ब बराबरको अनुदान दिने घोषणा। दक्षिणपश्चिम प्रशान्त क्षेत्रका टापु राष्ट्र पपुआ न्युगिनीमा जारी कोषको ४२औं बोर्ड बैठकले यो सहयोग अनुमोदन गरेको छ। कोषको पाँच अर्ब रूपैयाँ सहयोग र नेपाल सरकार, युएनडिपी र स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) ले गर्ने सहलगानीसहित यो परियोजना झन्डै सात अर्ब रूपैयाँ बराबरको हुनेछ। जिसिएफले मान्यता दिएको निकाय (एक्रिडेटेड इन्टिटी) युएनडिपी मार्फत नेपाललाई उपलब्ध भएको हो। अब, हिमाली क्षेत्रमा रहेका जलवायुजन्य चुनौतीलाई सम्बोधन गर्ने उद्देश्यको ठुलो र महत्त्वपूर्ण परियोजना हुनेछ।**

**यो परियोजना अन्तर्गत हिमताल विस्फोटनबाट हुने भौतिक क्षति रोक्ने, सर्वसाधारणको जीवनयापनलाई सुरक्षित गर्ने, जलवायुजन्य परिवर्तनबाट आउने बाढीबाट तल्लो नदी तटका समुदायलाई सुरक्षित राख्ने कार्यहरू सञ्चालन हुनु खुसीको कुरा हो। अझ संयुक्त राष्ट्र संघले सन् २०२५ लाई हिमनदी संरक्षणका लागि अन्तर्राष्ट्रिय वर्षको रूपमा मनाउँदै गर्दा नेपालले यो अत्यन्त महत्त्वपूर्ण परियोजना हात पारेको छ। यो परियोजना तयारीमा सहभागी युएनडिपी नेपाल, वन तथा वातावरण मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग लगायतका सबै निकायलाई श्रेय जान्छ। परियोजना अन्तर्गत हिमताल विस्फोटनलाई न्यूनीकरण र अन्य कार्यका कारण कोसी र गण्डकी जलाधार क्षेत्र (बेसिन) का २३ लाख सर्वसाधारणलाई सुरक्षित राख्ने परियोजनाको उद्देश्य सान्दर्भिक छ।**




# सेवाग्राहीमैत्री सार्वजनिक प्रशासन

• रुपचन्द्र अधिकारी

राज्यको उत्पत्ति र विकासको प्रारम्भमा राजनीति र प्रशासनलाई एउटै विधाको रूपमा अध्ययन गरिन्थ्यो । अझ भनौँ, प्रशासनलाई राजनीतिकै एउटा भाग मानिएको थियो । १९ औँ र २० औँ शताब्दीमा विश्वमा धेरै सैद्धान्तिक बहसका विषय विजारोपण भए । फलस्वरूप राजनीतिशास्त्र, अर्थशास्त्र तथा समाजशास्त्रलगायत धेरै विषयमा नयाँ सिद्धान्तको प्रतिपादन भयो । सिद्धान्तमाथि बहस हुने क्रम तीव्र हुँदै गर्दा आलोचना र समर्थनको बाढीले २१ औँ शताब्दीसम्म आइपुग्दा पनि नवीनतम सिद्धान्त र अवधारणा निर्माण हुने क्रम भङ्ग हुन सकेको छैन । निरन्तर चलिरहेको छ ।

राजनीति र प्रशासनलाई एउटै विधा मानेर अध्ययन गर्दाको अवस्थादेखि छुट्टाछुट्टै विषयको रूपमा स्पष्ट कार्यविभाजन भइसक्दा पनि यी दुवैले नागरिक र सेवाग्राहीलाई केन्द्र भागमा राख्दै आएका छन् । राजनीति अन्तर्गत शासन व्यवस्था र त्यसको सञ्चालक सरकारको वैधानिकता स्थापित गर्ने मूलभूत आधार नागरिक सन्तुष्टि नै हुन्छ । सार्वजनिक प्रशासनको औचित्य पुष्ट्याइँको प्रमुख आधार पनि नागरिक सन्तुष्टि हो । यसर्थ नागरिक सन्तुष्टि वा सेवाग्राही सन्तुष्टि यी दुवैका लागि अति महत्वपूर्ण रहन्छ ।

राजनीति र प्रशासन अलग विधाको अस्तित्वमा उपस्थित हुने सैद्धान्तिक धरातल निर्माण भएसँगै प्रशासन राजनीतिको सहयोगी संयन्त्रको रूपमा स्थापित भयो । राजनीतिक संरचनाले शासनको नेतृत्व गर्ने तथा प्रशासनिक संरचनाले सार्वजनिक नीतिको कार्यान्वयनमार्फत सार्वजनिक सेवा प्रवाहको अग्रसरता लिने हिसाबले यी दुईबिचको सम्बन्ध विकास भएको छ ।

यस क्रममा दुवै क्षेत्रमा नयाँ नयाँ प्रवृत्ति विकास भएका छन् । विशेषतः सार्वजनिक प्रशासनभित्र सेवा प्रवाहलाई कसरी प्रभावकारी र नागरिकमैत्री बनाउने भन्ने विषयमा नै यसका परिवर्तित प्रवृत्ति केन्द्रित छन् ।

सन् १९८० को दशक अघिसम्म सार्वजनिक प्रशासन सेवा प्रवाहमा तल्लीन त थियो । साथै नागरिक नै सेवा प्रवाहका केन्द्रविन्दु पनि थिए । यद्यपि सेवाको गुणस्तर र नतिजाको तुलनामा प्रक्रियाले ठुलो स्थान ओगटेको थियो । प्रक्रिया केन्द्रित स्वभावले नागरिक सन्तुष्टि सिर्जना गर्न बाधा उत्पन्न भएको हुनु पर्छ । यही अवस्थाले शासन व्यवस्थाको वैधानिकता र व्यावहारिकता प्रश्नरहित हुन सकेन । एकातर्फ विश्वमा आर्थिक उदारीकरण र विश्वव्यापीकरणले छुट्टै लहर सिर्जना गरिरहेको थियो । अर्कोतर्फ निजी क्षेत्रको उत्पादन र उत्पादकत्वको अलग प्रभावले सबैको ध्यान पनि तानिरहेको अवस्था थियो । यो प्रभाव नै सार्वजनिक प्रशासनको सुधारको एउटा अवसरमा रूपान्तरण भयो । सोही अनुसार निजी क्षेत्रले अवलम्बन गरेका असल गुणहरूको आन्तरीकरणमार्फत सार्वजनिक प्रशासनमा अधिकतम नतिजा प्राप्त गर्ने रणनीति अख्तियार गरियो । सैद्धान्तिक आधार प्रदान गर्न यसलाई नयाँ सार्वजनिक व्यवस्थापन (एनपिएम) भनियो । सन् २००० को दशकसम्म यसको निर्विकल्प उपयोग पनि गरियो । बिस्तारै यसले सार्वजनिक प्रशासनमा नतिजालाई मात्र ध्यान दिँदा मानवीयताको पक्ष नै गौण हुन थालेको भनी आलोचना भयो ।



नागरिकलाई ग्राहकको रूपमा मात्र हेरिएको र सरकारले व्यापार गर्न खोजेको जस्ता विरोधका स्वरहरूले सन् २००० तिर नयाँ सार्वजनिक सेवा (एनपिएस) को अवधारणा विकास भयो । जसले नागरिकलाई सम्पूर्ण स्रोत र शक्तिको मालिक ठानेको हुन्छ । सोही अनुरूप सार्वजनिक सेवा प्रवाह गर्नु यसको सार हो । अर्थात् सेवाको प्रभावकारिता र सेवाग्राही सन्तुष्टि नै एनपिएसको मूल मर्म हो । यसपश्चात् पनि आलोचनात्मक चेतसहितका थप सुधारका दस्ताबेज निर्माण हुने क्रम रोकिएनन् । सन् २००६ पछि नयाँ सार्वजनिक शासन (एनपिजी) को अवधारणा विकास भयो । यसले सरकारको असीमित कार्य जिम्मेवारी सीमित गर्ने नीति लिएको छ । नीतिमा सहनिर्माण तथा सेवा प्रवाहमा सहउत्पादनको मूलमन्त्र पछिल्लो प्रवृत्तिले आत्मसात् गरेको छ । अर्थात् सार्वजनिक सेवाको उत्पादन र वितरणमा सरोकारवाला पक्षहरूको संलग्नता, समग्र शासन सञ्चालनमा बहुपात्रको उपस्थिति तथा शासनको सञ्जालीकृत अभ्यासमा यसको जोड रहेको छ । नेपालको सन्दर्भमा समुदाय- प्रहरी साझेदारी कार्यक्रम तथा सामुदायिक वनको अभ्यास यो अवधारणासँग मिल्ने उदाहरणका रूपमा लिन सकिन्छ ।

विश्व परिवेशमा सार्वजनिक प्रशासनको विकास क्रममा अधिकांश समय सेवाग्राहीमैत्री सार्वजनिक प्रशासनलाई नै बढी महत्व दिइएको छ । अझ पछिल्लो कालखण्डमा नयाँ सार्वजनिक जोस (एनपिपी) को बहसले स्थान पाउन थालेको छ । यसले समावेशी सार्वजनिक सेवा प्रवाहको वकालत गर्छ । यद्यपि हाम्रो परिवेशमा सार्वजनिक प्रशासनका नवीनतम प्रवृत्तिहरू विगतमा कसरी अवलम्बन भए र हुँदै छन् भन्ने विषय महत्वपूर्ण हुन्छ । किनकि नेपालको सार्वजनिक प्रशासनले प्रक्रियामुखी बढी भएको तथा सेवाग्राहीप्रति उत्तरदायी र जवाफदेही हुन नसकेको आरोप खेप्दै आएको छ । झट्ट हेर्दा नयाँ सार्वजनिक व्यवस्थापनदेखि नयाँ सार्वजनिक शासनका आधारभूत मान्यता सैद्धान्तिक रूपमा अवलम्बन गरिएको देखिन्छ । अझ नयाँ सार्वजनिक जोसलाई पनि नीतिगत तहबाट सम्बोधन गरे जस्तो देखिन्छ । यसका बाबजुद पनि नागरिकले सरल, सहज र सर्वसुलभ सेवा प्राप्त गर्न नसकेको यथार्थ हामीमाझ छ । एकातिर अपेक्षित गुणस्तरको सेवा प्राप्त नहुनु छँदै छ, अर्कोतर्फ सेवा प्रवाहकर्ताको सेवाग्राहीप्रतिको व्यवहारले सार्वजनिक प्रशासनप्रति नागरिकमा बनेको धारणाले यी दुई पक्षबिचको सम्बन्धमा न्यानोपन नरहेको सहजै अनुमान लगाउन सकिन्छ ।

सार्वजनिक सेवा प्रवाह भन्नाले सरकार साथै सरकारबाहेकका क्षेत्रबाट प्रवाह गरिने सेवा बुझ्नु पर्ने हुन्छ । निजी क्षेत्र, गैरसरकारी संघ संस्था, सहकारी क्षेत्र, उपभोक्ता समिति सबै सार्वजनिक सेवा प्रवाहका माध्यम हुन् । प्रथमतः नागरिकले सरकारबाट प्राप्त गर्ने निःशुल्क सेवा न्यून संख्यामा छन् । भएका पनि गुणस्तरीय छैनन् । जन्म दर्तादेखि मृत्यु दर्ताको सेवा प्राप्त गर्न शुल्क बुझाउनु पर्छ । साथमा प्रक्रियामुखी कार्यशैलीबाट सिर्जना हुने झन्झट त छँदै छन् ! गुणस्तरीय सेवाका सामु शुल्कलाई गौण मान्न सकिन्थ्यो तर यसो हुन सकेको छैन । यसका लागि हामीले सेवाको गुणस्तर कायम गर्न आफूले गर्न नसकेको आइसिटी विकासको अर्ली एडप्टरको भूमिका निर्वाह गर्न सक्नुपर्थ्यो । आंशिक रूपमा शिक्षा र स्वास्थ्य सेवा निःशुल्क छन् । विपरीत व्यवहारमा गुणस्तर तथा लागतको निजी क्षेत्रले अग्रता लिएको छ । भर्खरै सार्वजनिक भएको एसइईको नतिजाले शिक्षा क्षेत्रको कार्यसम्पादनलाई पुष्टि गर्छ । नागरिकले यीबाहेक सायदै अन्य निःशुल्क सेवा प्राप्त गरेका छन् ।

यातायात कार्यालयमा सवारीसाधन दर्ता तथा नवीकरण गर्न, नयाँ सवारीचालक अनुमतिपत्र बनाउन र नवीकरण गर्न, व्यवसाय दर्ता र व्यवसाय गरेबापत कर बुझाउनलगायत राज्यलाई राजस्व योगदान गर्ने सेवा लिन बेहोर्नुपर्ने प्रक्रियागत झन्झटका साथै सेवाग्राहीहरूले सेवा प्रदायकबाट भोग्ने व्यवहार र बिचौलियाको प्रभावले गर्दा सार्वजनिक प्रशासनका सबै प्रवृत्ति फिक्का देखिएका छन् । केवल हिजोको तुलनामा आइसिटी प्रयोगमा भएको थोरै मात्र सुधारलाई उपलब्धि मान्नुपर्ने अवस्था छ । निजी क्षेत्रले प्रवाह गर्ने सेवा अन्तर्गत सार्वजनिक यातायातको अवस्था, हवाई यातायातको अवस्था, स्थानीय अव्यवस्थित हाटबजार, खाद्य पदार्थको गुणस्तर मापन तथा राजमार्गका होटल आदिको अवस्थाले समग्र निजी क्षेत्रको सेवा प्रवाहको वास्तविक अवस्थाको प्रतिनिधित्व गरेको छ । उपभोक्ता समितिको पछिल्लो कार्यशैलीप्रति हुँदै गरेको बहस र सहकारी पीडितले भरिएको सडकले वास्तविक अवस्था बुझ्न उति कठिन छैन । यिनै समग्र अवस्थाले नेपालमा सार्वजनिक प्रशासनका नवीनतम प्रवृत्तिलाई व्यवहारमा हैरान बनाइदिएको छ ।

प्रशासन सुधारका हरेक प्रयास तथा यसका नवीनतम अवधारणाले सेवाग्राही सन्तुष्टिलाई नै लक्ष्यको रूपमा लिएका छन् । हाम्रो सन्दर्भ आंशिक कार्यान्वयन र कम सुधारमा अल्झिएको छ । यसले न त सार्वभौम अधिकार सम्पन्न नागरिकको राजनीतिसँग विश्वासमा आधारित सम्बन्ध विस्तार हुन सकेको छ । न त प्रशासनसँग हार्दिकतापूर्ण सम्बन्ध गाँसिन सकेको छ । यसर्थ पछिल्ला प्रवृत्तिको अवलम्बनमार्फत समग्र शासन, विकास र सेवा प्रवाहमा अधिकतम सुधार गर्दै सेवाग्राही समक्ष 'विनिङ द माइण्ड, टचिङ द हर्ट' को गन्तव्य हासिल गर्न सम्बद्ध सरोकारवालाको अर्थपूर्ण सहभागिता जरुरी छ ।

# निर्णय प्रक्रिया सुधार



• माधबकुमार बाग्ले

स्वार्थको द्वन्द्व विद्यमान हुने कारणले नेपाल जस्ता विकासोन्मुख मुलुकमा नीतिगत निर्णय हो वा होइन भन्ने विषय विवादमा आइरहन्छ । खास गरी सार्वजनिक खरिदलगायतका विषयलाई मन्त्रीपरिषद्मा लगेर निर्णय गरी नीतिगतको आवरण दिने प्रचलन बढेको आरोप लागिरहेको विषय वा अख्तियारको क्षेत्राधिकारको विषय बेला बेला संसद्मा समेत छलफल हुने गरेको छ । पछिल्लो समय यस्तै विवाद अदालतसम्म पुगेको छ । अदालतमा विचाराधीन विषयलाई अदालतले निर्णय निकास दिन्छ नै तर भविष्यमा यस्ता विवाद दोहोरिन नदिन के गर्ने भन्ने दृष्टिकोणबाट चासो र चिन्ता लिएर समाधानको प्रयास भएको देखिँदैन । नीतिगत निर्णय हो वा होइन भनेर विवाद भइरहनु भनेको अनुहार हेरेर निर्णय गर्ने प्रवृत्ति विद्यमान हुनु हो र नागरिकलाई असमान व्यवहार गरेर लोकतन्त्रको मूल्यमाथि प्रहार भइरहनु पनि हो ।

अहिलेसम्म संसद्को बहस अख्तियारको क्षेत्राधिकारसँग र अन्य बहस कुनै खास निर्णय वा पात्रसँग जोडिएर मात्रै चर्चामा आउने गरेका छन् । अख्तियारले आफ्नो क्षेत्राधिकारसँग जोडिएकाले सार्वजनिक खरिदलगायतका विषयमा माथिल्लो निकायबाट निर्णय गराउने प्रवृत्तिलाई अन्त्य गर्न नीतिगत निर्णयको स्पष्ट परिभाषा र सीमा निर्धारण गर्न कानुनी व्यवस्था मिलाउन भनेर प्रतिवेदनमै उल्लेख गरेको पनि छ । कार्यपालिकाले गरेको निर्णय नीतिगत हो कि होइन भनेर निर्णय भएको १५ वर्षसम्म विवाद भइरहन्छ भने त्यो निर्णयले न्याय भयो कि भएन भनेर बहस गरिरहनु परेन । अबको १५/२० वर्षपछि फेरि यस्तै बहस नगर्ने हो वा यस्तै अवस्था दोहोरिन नदिने हो भने अहिलेको निर्णय प्रक्रियामा सुधार गर्नु पर्छ ।

मूल नै फोहोर भएपछि सफाइमा सफलता प्राप्त हुँदैन । अख्तियार एक्लैले भ्रष्टाचार नियन्त्रण गर्ने पनि होइन । हरेक कार्यालयमा अख्तियार राखेर वा मन्त्रीपरिषद्का प्रत्येक बैठकमा अख्तियार प्रवेश गरेर भ्रष्टाचार नियन्त्रण हुने पनि होइन । यसर्थ अहिले अख्तियारको कार्यक्षेत्र स्पष्ट गर्ने गरी कानुनमा नीतिगत निर्णयको परिभाषा राखेर समस्याको समाधान हुन्छ भन्ने होइन । यसको समाधान त निर्णय गर्ने विधि र प्रक्रियामा नै खोज्नु पर्छ ।

कुनै पनि निर्णय शून्यमा हुँदैन । समस्या समाधान वा अवसरको उद्देश्यले निर्णयको प्रक्रिया प्रारम्भ हुन्छ । निर्णयको निश्चित प्रक्रिया हुन्छ- सूचनाको सङ्कलन, विश्लेषण, विकल्प पहिचान, उत्तम विकल्पको छनोट, कार्यान्वयन र मूल्याङ्कन आदि । अहिले मन्त्रीपरिषद्को निर्णयको आधार भनेको नेपाल सरकार कार्यसञ्चालन नियमावली हो । जुन संविधानको धारा ८२ ले दिएको अधिकार अन्तर्गत नेपाल सरकारबाटै निर्माण हुन्छ र संविधानकै व्यवस्थाबमोजिम नियमावलीको पालना भयो वा भएन भनेर कुनै अदालतमा प्रश्न उठाउन सकिँदैन । विगतमा (२०७१ सम्म) यो नियमावली नै लुकाउने वा गोप्य राख्ने गरिन्थ्यो, अहिले कम्तीमा सार्वजनिकसम्म चाहिँ भएको छ ।

कार्यसम्पादन नियमावलीमा कुनै विषयमा मन्त्रीको निजी स्वार्थ निहित भएको अवस्थामा त्यस्तो विषयउपर छलफल हुँदा त्यस्तो मन्त्रीले भाग लिन हुँदैन भन्ने जस्ता प्रावधान २०६४ सालदेखि नै छन् तर कार्यान्वयनमा न मन्त्रीले जानकारी गराएर अलग हुन्छन् न त्यसको अभिलेख राखेर मुख्यसचिवले सार्वजनिक नै गर्छन् । नियमावलीमा प्रधानमन्त्रीले अन्यथा आदेश दिएकोमा बाहेक मन्त्रीपरिषद्को निर्णयका लागि पेस गर्दा प्रस्ताव पेस गर्न विभागीय मन्त्रीबाट स्वीकृतिप्राप्त मिति, विषयको सङ्क्षिप्त व्यहोराप्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुरा, प्रस्ताव पेस गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिससहित निर्णय हुनुपर्ने व्यहोरासहितको ढाँचामा प्रस्ताव पेस गर्ने अनुसूची राखिएको छ । अधिकांश प्रस्ताव त्यही ढाँचामा तयार पनि हुन्छन् तर सार्वजनिक हुँदैनन् । अहिले पनि मन्त्रीपरिषद्का निर्णय सार्वजनिक गर्न पत्रकार सम्मेलन गरेर प्रेसलाई जानकारी दिइन्छ । मन्त्रीपरिषद्का सबै निर्णय पनि सार्वजनिक हुँदैनन् । सार्वजनिक गर्ने पत्रकार सम्मेलनमा नभनिएका निर्णयसमेत सोही दिनका निर्णय भनेर कार्यान्वयनका लागि पत्राचार हुन्छन् । यो पत्रकार सम्मेलनमा लुकाइएको निर्णय हो भनेर खोजीनीति गर्ने उन्नत प्रेसको विकास भइसकेको पनि छैन । जबसम्म निर्णयमा पारदर्शितामार्फत नागरिक नियन्त्रण कायम हुँदैन, तबसम्म सुशासन कल्पनाको फलको रूपमा मात्रै प्राप्त हुन्छ ।

समस्या छन्, त्यसलाई प्रक्रियाले बाँधेर सुधार गर्ने हो । मन्त्रीपरिषद्बाट हुने निर्णय प्रक्रियामा अहिले पनि व्यापक सुधारको आवश्यकता छ । त्यसलाई भ्रष्टाचार निवारण ऐनमा राखिने नीतिगत निर्णयको परिभाषाले वा अदालतमा दर्ता गरिएका मुद्दाको फैसला वा व्याख्याले मात्रै समाधान दिन सक्दैन । मन्त्रीपरिषद्को निर्णय प्रक्रियामा नै सुधार गर्नु पर्छ । त्यो भनेको नेपाल सरकार कार्यसम्पादन नियमावलीको व्यापक संशोधन वा परिमार्जन हो । अझ भनौ विसं २०६४ को नियमावलीको प्रतिस्थापन हो ।

नेपाल सरकारले कार्यसम्पादन नियमावली परिमार्जन गरी सबैमा लागु हुने निर्णय, एक पटक वा विशेष रूपमा मात्रै लागु हुने कार्यकारिणी निर्णय, वित्तीय र गैरवित्तीय निर्णय, प्रशासनिक निर्णय, सार्वजनिक गर्ने र गोप्य राख्नुपर्ने निर्णय, नयाँ कानुन बनाउने, सार्वजनिक नीति परिवर्तन गर्ने वा आर्थिक विकासका रणनीति निर्धारण गर्ने जस्ता नीतिगत निर्णय, कर्मचारी सरुवा, सरकारी निकायको पुनर्संरचना वा दैनिक कार्य सञ्चालनका प्रशासनिक निर्णय, नयाँ कानुन स्वीकृत गर्ने वा संशोधन गर्ने जस्ता कानुनी निर्णय, सरकारी बजेट, राजस्व नीति वा खर्चसम्बन्धी वित्तीय निर्णय, आपत्कालीन अवस्थामा आकस्मिक घटना वा सङ्कटको समाधान गर्न वा प्राकृतिक प्रकोपको समयमा गरिने आपत्कालीन निर्णयलगायतका विषय छुट्टिने गरी विषयलाई वर्गीकरण गर्नु पर्छ । अहिलेको अनुसूची-१ को विषय सूचीलाई पुनर्लेखन गर्नु पर्छ । मन्त्रीपरिषद्मा पेस हुने प्रस्तावमा सचिवले कुन प्रकारको निर्णय हो, भविष्यका यस्तै अवस्थामा सबैलाई समान रूपमा लागु हुने हो वा होइनलगायतका विषय अनिवार्य खुलाउनुपर्ने गरी प्रस्तावको ढाँचा नै परिवर्तन गर्नु पर्छ । मुख्यसचिवले प्रस्तावमा खुलाएको विषय मिलेको छ, छैन रुजु गरेर मात्रै मन्त्रीपरिषद् बैठकको एजेन्डामा राख्ने प्रबन्ध गर्नु पर्छ ।

मन्त्रीपरिषद्का प्रत्येक निर्णयलाई सिलसिलेवार नम्बर दिई निर्णय नम्बर कायम गर्नु पर्छ । मन्त्रीपरिषद्का निर्णय सार्वजनिक गर्दा नियमावलीमा तोकिएको प्रस्तावको सबै अंशसहित नै सार्वजनिक गर्नु पर्छ । गोप्य राख्नुपर्ने भनी वर्गीकरण गरिएका बाहेक सबै निर्णयलाई तत्कालै निर्णय नम्बरसहित सार्वजनिक गर्नु पर्छ । सार्वजनिक नगरिएका निर्णय नम्बरलाई गोप्य वर्गीकरणमा परेको भनी जानकारीमा ल्याउनु पर्छ ।

निर्णय प्रक्रियामा सीमित विवेकशीलता वा सीमित सूचना जस्ता कारणले कहिलेकाहीँ त्रुटि पनि हुन सक्छन् । उदाहरणका लागि आर्थिक विधेयकमार्फत विदेशी मदिरामा भन्सार घटेपछि स्वदेशी उद्योगी त्रसित भए । 'टाइपिङ मिस्टेक' भन्दै सरकारले विदेशी मदिरा आयातमा लाग्ने भन्सार दर सच्यायो । निर्णय सार्वजनिक गर्दा एकातिर कहिलेकाहीँ हुने त्रुटिलाई समयमै सच्याउने अवसर प्राप्त हुन्छ भने अर्कोतिर नागरिक नियन्त्रण स्थापित भई सुशासनमार्फत लोकतन्त्रको गुणात्मक सुधार हुन्छ ।

# एसईईपछि विद्यार्थी र अभिभावकका सोच, प्रयास र भूमिका



• युवराज कट्टेल

भर्खरै माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजा सार्वजनिक भएको छ। माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा एसईई नेपालको शैक्षिक प्रणालीको एउटा महत्वपूर्ण चरण हो, जसले विद्यार्थीको शैक्षिक यात्रा नयाँ मोड र गन्तव्यतर्फ डोर्याउँछ। एसईई परीक्षा सकिएपछि विद्यार्थीको मनमा अनेक जिज्ञासा, आशंका र अपेक्षा पैदा हुन्छन्। अब के गर्ने? कुन विषय पढ्ने? भविष्य कता लाग्ने? यस्तै यस्तै प्रश्नहरू उनीहरूको मनमा खेलिरहेका हुन्छन्। यो स्वाभाविक पनि हो। यस अवस्थामा विद्यार्थी स्वयं, उनीहरूका अभिभावक तथा समाज सबैले गम्भीर सोच र जिम्मेवार भूमिका निर्वाह गर्नु आवश्यक छ।

विद्यार्थीः सोच र योजना बनाउने समय

एसईई सकेपछि विद्यार्थीलाई प्राप्त हुने लामो अवकाश केवल 'दैनिकी कक्षा' बाट छुटकारा मात्र होइन, यो आफैंलाई बुझ्ने र भविष्यको योजना बनाउने उत्कृष्ट अवसर पनि हो। आफ्नो रुचि, क्षमता र लक्ष्य पहिचान गर्दै विभिन्न क्षेत्रबारे अध्ययन गर्नु अहिलेको मुख्य प्राथमिकता हुनुपर्छ।

कतिपय विद्यार्थीले परम्परागत रूपमा विज्ञान लिने सोच राख्छन्, तर विज्ञान नै सबैभन्दा राम्रो विकल्प हो भन्ने धारणा गलत हो। व्यवस्थापन, मानविकी, शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा सबै क्षेत्रको आफ्नै महत्व छ। त्यसैले सोच-विचार बिना भीड पछ्याउनु बुद्धिमानी हुँदैन। विषय सवैथोक होइन,आफू जुन विषयको अध्ययन गरिन्छ,त्यो विषयप्रति आफ्नो रुचि ,लगाव के -कस्तो छ भन्ने विषयमा हेक्का राख्नु जरुरी छ। साथै जुन विषयको चयन गरिन्छ ,त्यसमा आफू अव्वल र उत्कृष्ट बन्ने कोसिस गर्नु पर्दछ,त्यसले भविष्यमा आफूलाई एउटा उचाईमा अवश्य नै ल्याउने छ। एसईईपछि प्राप्त हुने समयलाई कम्प्युटर सीप, भाषा दक्षता (जस्तै अंग्रेजी), कोडिङ वा सामाजिक सेवा जस्ता कार्यमा लगाउन सकिन्छ। यसले व्यक्तित्व विकासमा सहयोग गर्छ र भविष्यका लागि राम्रो तयारी पनि बन्छ। अक्सर धेरै विद्यार्थी भाईबहिनीहरुको एसईईपछि विद्यालय परिवर्तन गर्ने होड बस्छ,साथै अब कलेज पढ्न जाने भन्ने मनोवैज्ञानिक सोच र चिन्तन बोकेको पाईन्छ ।तर वर्तमान शिक्षाको संरचनाले कक्षा ११/१२ को पठनपाठन विद्यालय तहमा नै राखेको विषय बुझ्नु जरुरी छ। नेपालको जहाँसुकै र जुनसुकै ठाउँमा अध्ययन गरे पनि त्यो विषयवस्तु र पाठयक्रम एउटै हुने गर्दछ भन्ने कुरा मनन गर्नु जरुरी छ। लहडको भरमा भन्दा पनि आफूले अध्ययन गरेको विद्यालयमा आधारभूत पक्षहरु छन् कि छैनन् भन्ने विषयमा विश्लेषण गर्नु जरुरी छ।त्यसको आधारमा मात्रै आफ्नो धारणा बनाउनु वाञ्छनीय हुनेछ। अभिभावकको आर्थिक पक्षलाई लिएर मात्रै उपयुक्त निर्णय गर्नु वेश हुनेछ।



अभिभावकः मार्गदर्शकको जिम्मेवार भूमिका

एसईईपछि अभिभावकको भूमिका अत्यन्त संवेदनशील हुन्छ। नतिजाका आधारमा बच्चाको मूल्यांकन गर्ने, छिमेकी वा आफन्तको बच्चासँग तुलना गर्ने, जबर्जस्ती आफ्नै इच्छाअनुसार विषय रोज्न लगाउने प्रवृत्तिले विद्यार्थीमा निराशा, दबाब र आत्मग्लानी सिर्जना हुन सक्छ। अभिभावकले चाहिँ के गर्नुपर्छ भने, आफ्ना सन्तानको रुचि र क्षमतालाई बुझ्ने प्रयास गर्नुपर्छ। तिनीहरुसँग संवाद गरेर विकल्पहरूबारे जानकारी दिनुपर्छ। परामर्शदाताको जस्तो व्यवहार गर्दै विभिन्न परिवेश र परिस्थितिको बारेमा जानकारी दिई उनीहरूलाई स्वतन्त्र निर्णय लिन प्रेरित गर्नुपर्छ।

विद्यार्थीका हरेक सफलताको मूल्यमा आत्मविश्वास र प्रेरणा लुकेको हुन्छ, जुन परिवारबाट सुरु हुन्छ। त्यसैले अभिभावक सकारात्मक, सहृदय र सहयोगी बन्न जरुरी छ। अहिले बालबालिका सूचना तथा संचारको कारण विश्व बजारलाई बुझ्ने क्षमता राख्नुको साथै कतिपय विषयमा आफ्नो यथार्थ धरातल र वास्तविकताभन्दा माथि उठी दिवा सपना समेत देखिरहेको हुन्छ। यस्तो अवस्थामा अभिभावकले आफ्नो परिवारको वास्तविक क्रयशक्तिको अवस्था र धरातल बुझाउन सक्नुपर्ने अर्को जटिल पक्ष रहेको हुन्छ। हरेक सन्तानप्रति आफ्नो मातापिताको असाध्यै प्रेम र स्नेह रहेको हुन्छ ,जसले गर्दा आफ्ना अफ्ठयारा र कठिनाइ लुकाउने गर्दछौं जुन भविष्यको निम्ति असाध्यै ठूलो गलत कार्य सावित हुने गर्दछ।

समाजः धारणा परिवर्तनको खाँचो

हाम्रो समाजमा अझै पनि विषय तथा पेशाको आधारमा व्यक्तिको मूल्यांकन गर्ने प्रवृत्ति छ। विज्ञान पढ्ने विद्यार्थीलाई 'बुद्धिमान्', व्यवस्थापन वा प्राविधिक रोज्ने विद्यार्थीलाई 'कम आँकलन' गर्ने मानसिकता अझै बदलिन सकेको छैन।सवै विषयको उत्तिकै महत्व र आवश्यकता छ भन्ने विषय बुझ्नु र बुझाउनु जरुरी छ।

हाम्रो धारणा यस्तो हुनुपर्छ- जुन विषयमा विद्यार्थी उत्कृष्ट हुन सक्छन्, जुन काममा उनीहरू खुशी भएर योगदान गर्न सक्छन्, त्यही उत्तम विकल्प हो।त्यसमा रम्ने र रमाउने वातावरण तयारी गर्नु आजको आवश्यकता हो। सीपमूलक शिक्षा र प्राविधिक दक्षता आजको युगमा अत्यन्तै आवश्यक छ। समाजले यस्ता शिक्षालाई पनि सम्मान गर्न सिक्नुपर्छ।


एसईई सकिएपछि सुरु हुने संक्रमणकालीन समय विद्यार्थीका लागि आत्मचिन्तन, लक्ष्य निर्धारण र निर्णय लिने अत्यन्त संवेदनशील समय हो। यस अवधिमा सही मार्गदर्शन, सकारात्मक सोच र समर्पित प्रयासले भविष्य निर्माणमा महत्वपूर्ण भूमिका खेल्छ। अभिभावकले भावनात्मक सहयोग र निर्णय स्वतन्त्रताको सन्तुलन मिलाएर साथ दिन सक्नुपर्छ। अनि मात्र विद्यार्थी सही मार्गमा अघि बढ्न सक्छन्।

हामी सबै- विद्यार्थी, अभिभावक र समाज- मिलेर सकारात्मक वातावरण तयार पार्न सक्छौं, जहाँ हरेक विद्यार्थीले आफ्नै रुचि र क्षमताअनुसार उज्यालो भविष्य निर्माण गर्न सकून्। यही हो, एसईईपछि गर्ने सबैभन्दा महत्वपूर्ण काम हो। अन्तमा एसईई -२०८१ मा सफल सम्पूर्ण विद्यार्थी भाईबहिनीहरुमा हार्दिक शुभकामना साथै आगामी शैक्षिक यात्रामा उच्च मनोबलका साथ निरन्तररुपमा लाग्नको निम्ति हार्दिक अनुरोध छ। शिक्षा प्राप्तिको आराम्भ भएको बुझ्न र जीवन सिक्न थुप्रै कुरा बाँकी छ अनुभूत गर्न समेत अनुरोध छ।

*(लेखक नेपाल शिक्षक महासंघ विर्तामोडका अध्यक्ष एवम् नगर शिक्षा समिति विर्तामोडका सदस्य हुन्।)*

# बलरामले देखेको 'पर्दा पछाडिको भूटान'

झापा(प्रस)। भुटान पिपुल्स पार्टीका अध्यक्ष एवं अग्रज शरणार्थी नेता बलराम पौडयाल भुटान राज्यको ज्यादतीमाझ सन ९० दशकको सुरुवातमै देश निकालामा परेका अक्टोबर २९) बलराम पौडयालको निर्वासित जीवन गाथा । जसको आयुको आधा जति उमेर नेपालमा 'अनागरिक' हैसियतमा बितिरहेको छ। तेस्रो देशमा शरणार्थीको पुनर त कस्तो समय आयो भने आफ्नै इतिहास पनि अभिलेखबद्ध नहोला र, एक लाखभन्दा बढी नेपालीभाषी भुटानीको क्रन्दन पनि सुखीखुशी राष्ट्र भुटान भनेरै बिलाइजाला कि




थिए ।

भुटानको साम्ची जिल्ला, बाँडा ब्लक, बाँडा 'ए' गाउँको मण्डल समेत रहेकै बेला सन् १९८९, नोभेम्बर ३ देखि बलरामको जीवनमा नसोचेको र नभोगेको पाना खुल्यो। ल्होत्साम्पामाथिको अन्याय-अत्याचार बढ्दै गएका बेला आफ्नो राज्यशासनका विरुद्ध लागिपर्ने जोकोही नेपालीभाषी भुटानी राजाको नजरमा पर्थे । त्यही नजरमा परेकै कारण नोभेम्बर ३ तारिख राति उनको बाँडा गाउँस्थित घरमा भुटान प्रहरीका ४ सदस्य आएर 'राजाको बैठकमा जानु छ' भन्दै घरबाट लिएर गए।

उनीहरूको आदेशलाई शिरोधार्य गर्दै साम्ची सदरमुकाम लाग्दै गर्दा बाटैमा पिसाब गर्ने निहुँमा बलराम भगौडा बने। ज्यान बचाउन तोदे खोला तरेर भारत (कालिम्पोङ) तिर लागेको केही दिन अर्थात् १९८९ डिसेम्बर १४ मा रेडियोबाट एउटा सूचना आयो– बाँडा 'ए' गाउँका मण्डल बलराम पौडयालको घर तथा सम्पत्ति राष्ट्रियकरण गरिएको छ।

यसरी सुरु हुन्छ–आजको हिसाबमा ७३ वर्षीय (जन्म सन् १९५२, बसोबास योजनामा सुरुदेखि नै विरोध जनाउने नेता बलराम अहिले झापाको बिर्तामोडमा बसेर भुटानी शरणार्थी आन्दोलनको प्रत्यक्ष/परोक्ष अभियन्ता बनिरहेकै छन्।

भुटानी शरणार्थीको स्वेच्छिक घर फिर्ती अभियानका पक्षधर टेकनाथ रिजालसहित बलरामको अधिकारवादी आवाज निकै चर्को रूपमा सुनिने गरेको थियो। तर, पछि गएर कतिपय अभियन्ता तेस्रो देशका बासिन्दा बन्न पुगे भने कतै अनेक राजनीतिक विचार तथा विभाजनका कारण शरणार्थी आन्दोलन नै छिन्नभिन्न पुग्यो।

'आफ्नो जन्मसिद्ध हक र अधिकारको कुरा गर्न समूह चाहिन्छ भन्ने होइन, एउटै व्यक्तिको आवाज पनि आवाज नै हो',अहिले आफ्नो आगत-विगत र शरणार्थी जीवनको भोगाइ तथा भुटानभित्रको नदेखिने राजनीति सम्बन्धी पुस्तक 'पर्दा पछाडिको भुटान' लिएर फेरि आफ्नो उपस्थिति दर्याउन आएका बलराम पौडयाल भन्छन्–'अब भन्ने स्थिति आएको छ। यही कारण मैँले पुस्तकमार्फत मैँले भोगेको मेरै समयको अभिलेख ल्याउन चाहेको हुँ।'

पेज टर्नर प्रकाशक रहेको पुस्तकको अङ्ग्रेजी संस्करण 'भुटान : बिहाइण्ड द कर्टेन' पनि एकैसाथ प्रकाशित भएको छ। लेखक पौडयालले पुस्तकको प्राक्कथनमा भनेका छन्– "बाहिरी दुनियाँले देखेको भुटान केवल यहाँका शासकहरूले प्रस्तुत गरेको कागजी व्याख्यानको भुटान हो। वास्तविक भुटानलाई अझैसम्म पर्दा पछाडि लुकाइएको छ। यो पुस्तकले वास्तविक भुटानबारे जान्न र बुझ्न चाहने पाठकहरूलाई थोरै मात्र भए पनि सहयोग पुर्याउन सकेछ भने मेरो सानो प्रयास सफल भएको ठान्नेछु।"

बलराम पौडयाल शनिवार दिउँसो २ बजे, पाटन यलमाया केन्द्रमा 'पर्दा पछाडिको भूटान' पुस्तक विमोचन गराउँदैछन्। यसअघि पौडयालका "भूटान फर्कदा"(१९९५), "भूटान हिजो र आज"(२००१) र सुबोल (२००७) प्रकाशित छन् ।

## एसईईमा...

३० मध्ये २९ जना अर्थात ९६.६७ प्रतिशत , गोमेन्द्र बिर्ता मोडेल इङ्गिलस बोर्डिङ स्कूलका २७ मध्ये २४ जना अर्थात ८८.८९ प्रतिशत , ग्रीन फिल्ड वर्ल्ड स्कूलक ा ३७ मध्ये ३६ जना अर्थात ९७.३० प्रतिशत ,.काबेली रेसिडेन्टल इङ्गिलस माध्यमिक विद्यालयका ५ मध्ये शतप्रतिशत,कंचन इङ्गिलस बोर्डिङ स्कूल का २३ मध्ये २१ ज्ना अर्थात ९१.३० प्रतिशत उत्तीर्ण भएका छन् । त्यसैगरी कंचनजङ्घा इङ्गिलस माध्यमिक विद्यालयका १३० मध्ये ११४ जना अर्थात ८६.६९ प्रतिशत , कनकाई आवासीय इङ्गिलस माविका २४ मध्ये १८ जना अर्थात ७५ प्रतिशत , लालीगुराँस इङ्गिलस स्कूलका १६ मध्ये शतप्रतिशत ,लिटल एन्जल इङ्गिलस स्कूलका ८ मध्ये ७ जना अर्थात ८७.५० प्रतिशत ,लिटिल फ्लावर्स अंग्रेजी स्कूलका १४३ मध्ये शतप्रतिशत ,महेन्द्र ज्योति माविका २३ मध्ये ४ जना अर्थात १७.३९ प्रतिशत ,महेन्द्र रत्न माविका १५१ मध्ये १०८ जना अर्थात ७१.५२ प्रतिशत ,मनकामना माविका ४३ मध्ये ४० जना अर्थात ९६.०२ प्रतिशत ,मोहनमाया माविका १५३ मध्ये १४३ जना अर्थात ९३.४६ प्रतिशत ,नवोदय फनमिन शिक्षा सदनका ३२ मध्ये शतप्रतिशत , न्यूटन्स एजुकेशन एकेडेमीका १०७ मध्ये १०२ जना अर्थात ९५.३३ प्रतिशत ,निदि माविका ४१ मध्ये ३७ जना अर्थात ९०.२४ प्रतिशत ,पञ्चरत्न माविका १० मध्ये शून्य प्रतिशत ,.शान्ति एजुकेशन फाउन्डेशनका १७ मध्ये १६ जना अर्थात ९४.१२ प्रतिशत , रुद्र मेमोरियल इङ्गिलस आवासीय माविका ११ मध्ये ४ जना अर्थात ३६.३६ प्रतिशत ,सगरमाथा आवासीय माविका ३ मध्ये शून्य प्रतिशत ,साङ्गवेद संस्कृत माविका ३० मध्ये २९ जना अर्थात ९६.६७ प्रतिशत ,सरस्वती एन्जल्स इङ्गिलस स्कूलका २४ मध्ये १४ जना अर्थात ५८.३३ प्रतिशत ,सरस्वती माध्यमिक विद्यालयका ४४ मध्ये ६ जना अर्थात १३.६४ प्रतिशत , सेन्ट जेभियर्स स्कूल, देउनियाका ८२ मध्ये ७१ ज्ना अर्थात ८६.५९ प्रतिशत , तक्षशिला प्रोग्रेसिभ इङ्गिलस स्कूलका १३ मध्ये ११ जना अर्थात ८४.६२ र टावर टेम्पल स्कूलका २७ मध्ये २६ जना अर्थात ९६.२० प्रतिशत उत्तीर्ण भएका छन् । संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको नतिजा कमजोर देखिएको छ ।

## 'विदेश...

सिकिरहेका छन् ।

'म सँग कुनै सीप थिएन्' बस्नेतले भने–'अब केही सीप सिकेरमात्र जाने निधो गरेर हाउस वायरिङ तालिम लिए ।' वैदेशिक रोजगारीमा जान लागेका युवाहरु सीप सिकेर जान चाहन्छन् । तालिमको अवसर एकदम कम हुने उनीहरुको भनाई छ ।

'मैले विभिन्न देशमा गरी १२ वर्ष बिताएँ', बस्नेतले भने, 'विदेशबाट आएपछि मैले हाउस वायरिङ गर्ने सीप लिने मौका पाएँ ।' सीप लिएपश्चात् पुनः विदेश जाने उनले बताए । त्यही सीपले अहिले स्वरोजगारसँगै उद्यमी बनाउनेमा उनी ढुक्क छन् ।

'सीप सिकिसकेपछि खासै दुःख पाईदैंन्' स्थानीय ४६ वर्षीय विजय नेपालले भने । उनी पनि वैदेशिक रोजगारीमा ६ वर्ष बिताएर स्वदेश फर्किएका हुन् । उनीसँग चालक अनुमतिपत्र छ ।

त्यही भएर विदेशमा उनले ट्याक्सी चलाए । तर, यतिले मात्र नपुग्ने भएपछि थप हाउस वायरिङ तालिममा सहभागी भएको बताउँछन् उनी । हातमा सीप भए आत्मनिर्भर बन्न सकिनेमा उनी ढुक्क छन् । प्रमाण–पत्र प्राप्त भए जहाँ गएर पनि काम गर्न सकिने उनले प्रतिक्रिया दिए । मेचीनगरकै बुधन राजवंशी, उर्मिला कार्की पनि अब सीप सिकेर स्वदेशमै कम्तिमा स्वरोजगार बन्ने विश्वास व्यक्त गरे । वैदेशिक रोजगारीमा जाँदा कुनै सीप नसिकेर दुःख पाए पनि देशमै आत्मनिर्भर बन्न र रोजगारको अवसर प्राप्त गर्न यस्ता तालिम उपयोगी बन्ने सहभागीको भनाई छ।

वैदेशिक रोजगारीमा जाँदा कुनै सीप नजानेका उनीहरु यहाँबाट सिकेको सीपले ठुलो टेवा पुग्ने बताउँछन् । विदेशमा दुःख पाएर फर्केकाहरुका लागि पालिकास्तरमै निःशुल्क सीप तालिम प्राप्त गरेपछि खुशी पनि छन् । सीप सिकेर जाँदा राम्रो हुने , सीप नहुँदा दुख पाईने , तालिममा सहभागीहरुको अनुभव छ ।

अहिले यहीँ सीप सिकेर विदेशको भन्दा राम्रो आम्दनी स्वदेशमै गरिरहेका छन् । 'सीपले मानिसलाई सक्षम पनि बनाउने रहेछ', कमला कार्कीले भनिन् । आफूले जानेको सीप दिँदै आएको प्रशिक्षक तुलसी मिश्रले बताए । देशमै सीप सिकेर स्वरोजगार बन्छौं र यहीं काम गर्छौं, यहीं परिश्रम गरेर बस्छौं भन्नेलाई प्राथमिकताका साथ राखेर प्रशिक्षण प्रदान गरिरहेको मिश्रको भनाई छ ।

समापन समारोहमा मेचीनगर वडा नम्बर –१४ का वडाध्यक्ष बाबुलाल सुब्बाले बोलेका थिए भने सहभागीका तर्फबाट विजय नेपाल र उर्मिला कार्कीले अनुभव सुनाए । मेचीनगर नगरपालिकाको रेमी परियोजनाका रोजगार परामर्शकर्ता फणिन्द्र दाहालले कार्यक्रम सञ्चालन गरेका थिए । तालिममा सहभागी १ महिलासहित २४ जनालाई प्रशिक्षक तुलसी मिश्रले प्रशिक्षण दिएका थिए ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५५५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।